सार्वजनिक सेवा प्रसारण नेपाल

# नेपाल टेलिभिजन एनटिभि प्लस

## सिलवन्दी बोलपत्र आह्वानको सूचना

(प्रथम पटक प्रकाशित मिति २०८२/४/१० गते )

**सार्वजनिक सेवा प्रसारण नेपाल टेलिभिजन एनटिभि प्लसमा आर्थिक बर्ष २०८२/०८३ को लागि कार्यक्रम समय बिक्री र कार्यक्रम प्रायोजनको लागि यो शिलवन्दी बोलपत्र आह्वान गरिएको छ ।**

१. वोलपत्र फाराम सार्वजनिक सेवा प्रसारण नेपाल टेलिभिजनको केन्द्रीय कार्यालय, सिंहदरबार, काठमाडौंबाट निम्नानुसार शुल्क बुझाई यो सूचना प्रकाशित भएको मिति देखि १५ औं दिनभित्र कार्यालय समयसम्म खरिद गर्न सकिनेछ । वोलपत्र फाराम खरिद गर्ने अन्तिम दिन सार्वजनिक विदा परेमा त्यसपछि कार्यालय खुलेको पहिलो दिनको कार्यालय समयसम्म खरिद गर्न सकिनेछ ।

- बार्षिक रु. २० लाखसम्म न्युनतम रकम तोकिएकोमा प्रति वोलपत्र फारम रु १०००।-(अक्षेरुपी एक हजार मात्र )
- बार्षिक रु. २० लाख भन्दा माथि रु २ करोडसम्म न्युनतम रकम तोकिएकोमा प्रति वोलपत्र फारम रु ३,०००।-(अक्षेरुपी तीन हजार मात्र )
- बार्षिक रु. २ करोड भन्दा माथि १० करोडसम्म न्युनतम रकम तोकिएकोमा प्रति वोलपत्र फारम रु ५,०००।- (अक्षेरुपी पांच हजार मात्र)

२. बोलपत्रदाताले प्रस्ताव पेश गर्दा कार्यक्रम प्रायोजन र समय बिक्रीको लागि प्रत्येक स्लटको लागि छुट्टा छुट्टै सिलबन्दी बोलपत्र प्रस्ताव पेश गर्नु पर्नेछ । प्रत्येक बोलपत्र प्रस्तावको खाम बाहिर आफुले खरिद गर्ने स्लटको नाम र वोलपत्र नं स्पष्ट उल्लेख गर्नुपर्नेछ ।

३. रितपूर्बकको सिलवन्दी गोप्य प्रस्ताव प्रथम पटक सूचना प्रकाशित मितिले १५ औ दिनको भोलिपल्ट दिनको १२.०० बजे सम्ममा सार्वजनिक सेवा प्रसारण नेपाल टेलिभिजनको केन्द्रीय कार्यालय सिहंदरबार काठमाडौंको व्यापार महाशाखामा दर्ता गराईसक्नु पर्नेछ । पेश भएका वोलपत्रहरु सोहि दिनको २:०० वजे नेपाल टेलिभिजनमा बोलपत्रदाताको प्रतिनिधिको उपस्थितिमा खोलिनेछ । वोलपत्रदाताको प्रतिनिधि उपस्थित नभएपनि वोलपत्र खोल्न बाधा परेको मानिने छैन । सिलवन्दी गोप्य प्रस्ताव दर्ता गर्ने अन्तिम दिन सार्वजनिक विदा परेमा त्यसपछि कार्यालय खुलेको पहिलो दिन तोकिएको समयसम्ममा प्रस्ताव दर्ता तथा वोलपत्र खोल्ने काम गरिनेछ ।

४. वोलपत्रदाताले प्रस्ताव साथ वोलकवोल गरेको भ्याट सहितको कुल वार्षिक रकमको २.५% ( दुई दशमलव पाँच प्रतिशत ) धरौटी वोलपत्र साथ पेश गर्नुपर्नेछ । सो धरौटी वापतको रकम सिलवन्दी वोलपत्र साथ ग्लोबल आइ. एम. ई बैंक लि.मा रहेको नेपाल टेलिभिजनको चल्ती खाता नं ३४४०१०१०००००६४५ मा जम्मा गरको सक्कल प्रति भौचर वा वोलपत्र खोल्ने मितिले कम्तीमा १२० दिन म्याद भएको क वर्गको वाणिज्य बैंकबाट जारि हुने bid security पेश गर्नुपर्नेछ ।

५. समय खरिद गरी कार्यक्रम प्रसारणका लागि कार्यक्रमको एक भाग डमी खामभित्र सिलवन्दी गरी पेश गर्नुपर्नेछ ।

६. वोलपत्रबाट विक्रीमा राखिएका स्लट एवं दररेट र सो वापत पाउने FCT आदीका सम्बन्धी विस्तृत जानकारीका लागि नेपाल टेलिभिजनको व्यापार महाशाखा, सिहंदरबार, काठमाण्डौंमा सम्पर्क राख्न वा सार्वजनिक सेवा प्रसारण नेपाल, नेपाल टेलिभिजनको वेभसाईट www.ntv.org.np मा हेर्नको लागि अनुरोध छ ।

**सम्पर्क फोन नं. ४२००५६५/४२००३४८**
**सार्वजनिक सेवा प्रसारण नेपाल, नेपाल टेलिभिजन व्यापार महाशाखा, सिंहदरबार, काठमाडौं ।**